नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.............................................. शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. : ०७७/०७८

च.नं. : ३५

## प्रेस विज्ञप्ति

आज मिति २०७७ साल भदौ ४ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेज्यूले संवत् २०७६ साल फागुन ५ गते कानून, न्याय तथा संसदीय ममिला मन्त्रीको पदभार ग्रहण गरे पछि ६ महिनाको अवधिमा मन्त्रालयबाट भए गरेका काम कारबाहीका विषयमा जानकारी गराउने उद्देश्यले सञ्चारकर्मीहरूसँग भेटघाट कार्यक्रम आयोजना गर्नु भयो।

उक्त कार्यक्रममा माननीय मन्त्रीज्यूले आफूले पद बहाली गरेको केही समयमै Covid-19 को महामारीको चपेटामा मुलुक परेको र लामो समय लक डाउनमा रहनु परेको भए तापनि आफूले यस अवधिमा नेपालको संविधान बमोजिम मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐन अन्तर्गत बनाउनु पर्ने नियमावली बनाउन पहलकदमी लिएको र हाल अधिकांश नियमावलीहरू जारी भइसकेका र कतिपय नियमावलीहरू जारी हुने क्रममा रहेको जानकारी गराउनु भयो।

उहाँले यस अवधिमा विभिन्न ऐन कानूनहरू निर्माण गर्नुको साथै सन्धि सम्पन्न गर्ने कार्यविधिमा एकरूपता ल्याउन सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७ लागू गरिएको, प्रदेशले बनाएका ऐनहरू तथा केही स्थानीय तहले बनाएका कानूनको अध्ययन गरेको, प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीहरूसँग प्रदेशको कानून निर्माण, कानूनको सुदृढीकरण तथा कानूनी सहायता नीति कार्यान्वयन लगायतका विषयमा छलफल गरिएको, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्षहरूसँग स्थानीय तहको कानूनको सुदृढीकरण तथा न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरेको बताउदै मन्त्रालयको तर्फबाट कानून निर्माणको कार्यमा प्रदेश तथा स्थानीय तहसँग आवश्यक सहयोग तथा समन्वय गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको जानकारी गराउनु भयो।

उहाँले आज नेपाल कानून आयोगबाट वार्षिक प्रतिवेदन पेश भएको जानकारी दिंदै उक्त प्रतिवेदनमा दिइएका सुझावहरूको कार्यान्वयनको लागि आफूले प्रयास गर्ने र आगामी दिनमा नेपालको संविधानको धारा १८ को उपधारा (५) मा रहेको पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्थाको कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने तथा महिलाहरूको हक हित सुरक्षा गर्नको लागि प्रचलित कानून बमोजिम अनिवार्य रूपमा विवाह दर्ता गर्नु पर्ने विषयलाई प्राथमिकतासाथ कार्यान्वयन गराउनको लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने बताउनु भयो।

कार्यक्रममा सञ्चारकर्मीहरूले राखेको जिज्ञासा सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले आफ्नो कार्यकालको यस अवधिमा मौलिक हक कार्यान्वयन गर्न बनाउनु पर्ने नियमावली बनाउने काम उच्च प्रथामिकताका साथ अगाडि बढ्नु र नेपाल सरकारले जारी गरेको नेपालको नयाँ नक्शामा राष्ट्रिय सहमति कायम गर्दै नेपालको संविधान संशोधन गरी नयाँ नक्शा जारी हुनु ऐतिहासिक काम भएको बताउनु भयो।

२०७७/५/४

(लीला देवी गडतौला)

सहसचिव एवं प्रवक्ता

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४२११६८४